# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

**रा.बी.कं. भवन, रामशाहपथ**

**वित्तिय विवरण र सो संग सम्बन्धित हिसाब किताबहरु अध्यावधिक गर्ने**

## शर्त तथा सुविधाहरु

१. यस कम्पनीको रामशाहपथ स्थित साविकमा राष्ट्रिय बीमा संस्थानको प्रधान कार्यालय तथा शाखा/सम्पर्क कार्यालयहरूको लेखापरीक्षणको लागि आ. व. २०६८/६९ देखि आ.व २०७०/७१ सम्मको वित्तिय विवरण (Financial Statements) र सो संग सम्बन्धित हिसाब किताबहरु अध्यावधिक तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रत्युत्तर तयार गर्न सहयोगको लागि निम्न लिखित शर्त तथा सुविधाहरुको अधिनमा रहि परामर्श सेवाको लागि इच्छुक, सक्षम र नेपालमा दर्ता भएको बरिष्ठ चार्टर्ड एकाउण्टेण्ट संलग्न भएको “क” वर्गको लेखापरीक्षण संस्थाहरु बाट Expression of Interest (EOI) सहित प्राविधिक तथा आर्थिक गरि छुटाछुटै गोप्य सिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिएको छ ।

२. परामर्शदाताको दायीत्व साविकमा राष्ट्रिय बीमा संस्थानको प्रधान कार्यालय तथा शाखा/सम्पर्क कार्यालयहरूका आ. व. २०६८/६९ देखि आ.व २०७०/७१ सम्मको बित्तिय बिवरण तथा र सो संग सम्बन्धित हिसाब किताबहरु अध्यावधिक तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रत्युत्तर तयार गर्न सहयोग गर्नु पर्नेछ ।

३. लेखापरीक्षण संस्थाको तर्फबाट नेतृत्व बरिष्ठ चार्टर्ड एकाउण्टेण्टले गरेको हुनु पर्नेछ र कार्यवधिभित्र कार्य सम्पन्न गर्न आवश्यक पर्ने जनशक्ती परिचालन गर्ने दायित्व संस्थाको हुनेछ ।

४. दरभाउपत्र साथ दरभाउपत्र दाताले प्रस्ताव गरेको लागत अनुमान रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटी वापत राष्ट्रिय बीमा कम्पनीको बैंक अफ काठमाडौ, कमलादी बैकि कार्यालय स्थित चल्ती खाता नम्बर ०१०००००००५२७५२४ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

५. अस्वीकृत दरभाउपत्रदाताको धरौटी रकम दरभाउपत्र खोलेको १५ दिनभित्र फिर्ता गरिनेछ र धरौटी रकम फिर्ता गर्दा ब्याज दिइनेछैन ।

६. स्वीकृत हुने दरभाउपत्र दाताले कम्पनीबाट सूचना पाएको ७ दिनभित्र थप धरौटी २.५ प्रतिशत उपरोक्त अनुसार नै जम्मा गर्नुपर्नेछ । नगरेमा धरौटी रकम जफत भई स्वीकृत दरभाउपत्र रद्द हुनेछ ।

७. दरभाउपत्र दर्ता मिति सम्ममा निर्जिवन बीमा कम्पनीमा सफलता पुर्वक वित्तिय विवरण तथा हिसाब किताब तयार गरेको वा तयार गर्न परामर्श दिएको अनुभवी परामर्शदाता वा १० वर्ष सम्म लेखा व्यवसायमा सलग्न रहेकोलाई विशेष प्राथमिकता दिईने छ ।

८. सिलबन्दी दरभाउपत्र फाराममा दरभाउ पत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ ।

९. परेका दरभाउपत्रहरू प्रथमपटक सूचना प्रकाशित मितिले १६ औं दिनका दिन दिउँसो २ बजे यस कम्पनीको प्रधान कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उक्त समयमा उपस्थित हुनुपर्नेछ, तर निजहरूको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्टको मिति कायम हुनेछ ।

१०. दरभाउपत्र पेश गर्दा आर्थिक ब्ययभारको लागि छुट्टै र प्राविधिक पक्षको लागि छुट्टै गरी दुईवटा सिलबन्दी खाम बाहिर बिषय “Financial Statements 2067/68 of RBS” सिलबन्दी दरभाउपत्र” उल्लेख गरी पेश गर्नुपर्नेछ र प्राविधिक पक्षको दरभाउपत्र स्वीकृत भएकाको मात्र आर्थिक पक्षको दरभाउपत्र खोलिनेछ ।

११. मूल्याङ्कन समितिले सिलबन्दी दरभाउपत्रको मूल्याङ्कन गर्नेछ ।

१२. कम्पनीको प्रयोगमा रहेको Computer Software/Data/Documents र सो सँग सम्बन्धित अन्य आर्थिक कारोवारका कुराहरुमा परामर्श दाताको पहुँच (Access) हुनेछ ।

१३. परामर्श दातालाई Computer, अफिस कोठा लगाएत अन्य आवश्यक सामानहरु कम्पनीले उपलब्ध गराउने छ ।

१४. कम्पनीका सम्वन्धित शाखाका कर्मचारीले आवश्यक परेको समयमा आवश्यक सहयोगको साथै मागेको Data/Documents र सो संग सम्वन्धित अन्य कुराहरु समयमै उपलब्ध गराउने छ ।

१५. दरभाउ दाता संस्थाले कमसे कम एक चार्टर्ड एकाउण्टेण्ट तथा दुई सहयोगी खटाई आवश्यक कार्य गर्नु पर्ने छ ।

१६. यस कार्य (Job Assignment) को कार्यवधि प्रत्येक आ.व.को लागि दुई चरण गरि डेढ महिनाको हुनेछ । जस अनुसार कार्य शुभारम्भ भएको मितिले बढीमा एक महिना भित्र Draft बित्तिय बिवरण उपलब्ध गराउनु पर्नेछ र लेखापरीक्षकबाट प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनक प्राप्त भएको १५ दिनभित्र Final बित्तिय बिवरण र प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रत्युत्तर तयार गरि दिनु पर्नेछ । यस अवधि भित्र कार्य सम्पन्न गरिसकेको हुनु पर्ने छ अन्यथा सम्झौता भंग गर्न सकिने छ ।

१७. यस कार्यको लागि परामर्शदातालाई कार्य शुरु भए पछि भ्याट वाहेकको पारिश्रमिकको २०%, Draft बित्तिय बिवरण प्राप्त भए पछि भ्याट वाहेकको पारिश्रमिकको ५०% अग्रिम रुपमा उपलब्ध गराइनेछ भने कार्य सम्पन्न पछि बिल रकममा अग्रिम रकम कटाई बाँकि पारिश्रमिक रकम उपलब्ध गराइने छ ।

१८. कम्पनीको कामको सिलसिलामा उपत्यका बाहिर जानु पर्ने भएमा कम्पनीको नियमानुसार प्रमुख परामर्श दाताको हकमा दशौं तहको र अन्यको हकमा आठौं तहको कर्मचारीले पाए सरह कम्पनीको नियमनानुर भ्रमण खर्च उपलब्ध गरिने छ ।

१९. दरभाउपत्रका साथ संस्था दर्ता प्रमाणपत्र, आयकर/भ्याट दर्ता प्रमाणपत्र, आ.व. २०७१/७२ को कर चुक्ता प्रमाणपत्र र संस्था तथा संस्थामा संलग्न प्रमुख व्यक्ति

लगायत संलग्न व्यवक्तिहरू कालो सूचिमा नपरेको स्वघोषणा प्रमाणपत्र नोटरी पब्लिक वा यस कम्पनीको अधिकृतबाट (नाम, थर, दर्जा र कार्यालय समेत खुलाई) प्रमाणित गराई संलग्न हुनुपर्नेछ ।

२०. कुनैपनि दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ ।

२१. रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

२२. यस बिषयमा थप जानकारी आवश्यक परे कार्यालय समयभित्र यस कम्पनीमा सम्पर्क राख्न सकिने छ ।

२३. स्वीकृत दरभाउपत्र दातालाई कम्पनीको प्रधान कार्यालयबाट भुक्तानीको व्यवस्था मिलाइनेछ ।